# नेपालको न्यायपालिकामा सूचना प्रविधिको प्रयोग सम्बन्धी जानकारी पुस्तिका २०८२

अदालतहरूको मुद्दा व्यवस्थापनलाई सरल, सहज र प्रभावकारी बनाउन सर्वोच्च अदालतले सूचना प्रविधिको प्रयोगमा जोड दिइरहेको छ। न्यायमा सहज पहुँच पुऱ्याउन, न्यायिक प्रक्रियालाई पारदर्शी तथा पूर्वानुमान योग्य बनाउन, मुद्दा प्रक्रियामा लाग्ने पक्षहरूको समय तथा लागत न्यूनीकरण गर्दै न्यायिक सुशासन कायम गर्न मुद्दा व्यवस्थापनका प्रक्रियामा सूचना प्रविधिको प्रयोग विगत २ दशक अगाडीबाट भएको हो। सर्वोच्च, उच्च र जिल्ला अदालतहरूको मुद्दा व्यवस्थापनलाई एकीकृत मुद्दा व्यवस्थापन प्रणाली र यसका विभिन्न मोड्युलहरुबाट व्यवस्थापन गरिँदै आएको छ। न्यायपालिकामा हाल देहाय अनुसारका सेवाहरू सूचना प्रविधिको प्रयोग गरी प्रवाह भई रहेकोछ।

## १. वेबसाइट सेवा

सर्वोच्च अदालत र मातहतका अदालतहरूका आधिकारिक सूचना तथा जानकारीहरु सम्बन्धित अदालतको वेब साइटबाट प्राप्त गर्न सकिन्छ। सर्वोच्च अदालतको वेब साइट www.supremecourt.gov.np रहेको छ। उक्त वेब साइटको होम पेजको माथिल्लो भागमा रहेको **अदालत रोज्नुहोस**मा क्लिक गरी लिस्टबाट अदालतको नाम रोजी आफूलाई आवश्यक परेको अदालतको वेबसाइट प्राप्त गर्न सकिने गरी व्यवस्था मिलाइएको छ।

## २. एप्लीकेशन (APP) सेवा

सर्वोच्च अदालतका सेवा तथा सूचनाहरूको जानकारी Supreme Court of Nepal एप बाट समेत प्राप्त गर्न सकिने गरी एप्लीकेशन निर्माण गरी प्रयोगमा ल्याइएको छ । उक्त एप्लीकेशन Android र IOS दुवै प्लेटफर्ममा उपलब्ध रहेको छ।

## ३. मुद्दा व्यवस्थापन प्रणाली र यसका मोडयुलहरु मार्फत प्रदान हुने सेवाहरु

सर्वोच्च अदालतले आफ्नो तथा मातहत अदालतका मुद्दा सम्बन्धी सेवाहरूको व्यवस्थापन गर्न एकीकृत मुद्दा व्यवस्थापन प्रणाली (Integrated Case Management System) निर्माण गरी प्रयोगमा ल्याएको छ। यस प्रणालीले सर्वोच्च, उच्च तथा जिल्ला अदालतको मुद्दा दर्ता देखि फैसला र यसको कार्यान्वयन सम्मका क्रियाकलाप समेटेको छ। उक्त प्रणालीमा देहायका मोड्युलहरु मार्फत देहायका सेवाहरू प्राप्त हुने गरी व्यवस्था मिलाइएको छ।

### क. अनलाइनमा मुद्दा दर्ता गर्ने सेवा

अदालतहरूमा म्यानुअल विधिबाट मुद्दा दर्ता हुने गरेकोमा हाल अनलाइनमा समेत मुद्दा दर्ता गर्न सकिने गरी प्रणाली निर्माण भई प्रयोगमा ल्याइएकोछ । यो सेवा हाललाई परीक्षणको रूपमा सर्वोच्च अदालतमा दर्ता हुने रिट निवेदनलाई अनलाइन मार्फत दर्ता गर्न सकिने गरी व्यवस्था मिलाइएको छ। प्रणालीलाई सर्वोच्च अदालतमा दर्ता हुने अन्य मुद्दाहरू तथा मातहत अदालतमा समेत बिस्तार गर्ने गरी तयारी भई रहेको छ।

**मुद्दाको अनलाइन दर्ता गर्न पुरा गर्नु पर्ने प्रक्रिया तथा अन्य जानकारीहरू**

⇒ कानून व्यवसायीले प्रणालीमा आवश्यक कागजात सहित फर्म दर्ता गर्न निवेदन दिनु पर्ने।

⇒ सर्वोच्च अदालतले निवेदन रुजु गरि प्रणाली चलाउने युजर आइडी र पासवर्ड उपलब्ध गराउने, सोही युजर आइडी र पासवर्ड प्रयोग गरी ल फर्मले मुद्दा दर्ता गर्न सक्ने।

⇒ प्रणाली मार्फत प्राप्त मुद्दा (हाललाई रिट) सम्वन्धित दर्ता शाखाले जाँच गरी दर्ता योग्य भए नभएको सम्बन्धमा यकिन गर्ने र प्रक्रिया वा कागजात नपुगेको अवस्थामा प्रणाली मार्फत नै थप कागजात

माग गर्ने व्यवस्था भएको साथै सबै प्रक्रिया पुरा भएको मुद्दा दर्ता अगाडी बढाउन भुक्तानी गर्नु पर्ने रकम भुक्तानीका लागि ल फर्मलाई प्रणाली मार्फत नै सूचना दिने व्यवस्था भएको।

⇒ मुद्दा दर्ताका लागी भुक्तानी गर्नु पर्ने रकम अनलाइन मार्फत (Connect IPS वा वालेट प्रयोग गरी) वा प्रणालीले सिर्जना गरेको भौचर प्रिण्ट गरी बैंकमा गएर समेत भुक्तानी गर्न सकिने। भुक्तानीको जानकारी स्वतः अदालतले पाउने तथा विशेष अवस्थामा बाहेक भुक्तानीको प्रमाण अदालतमा पेस गर्न नपर्ने।

⇒ रकम भुक्तानी भए पश्चात् मुद्दा दर्ता हुने र प्रणाली मार्फत नै सो को जानकारी फर्मलाई जाने व्यवस्था भएको।

⇒ अनलाइनमा दर्ता भएका मुद्दाको श्रव्यदृष्य संवाद (Video Conference) मार्फत समेत सुनुवाइ गर्न सकिने। श्रव्यदृष्य संवाद तथा अनलाइन तारेख सम्बन्धी निवेदन प्रणालीमा नै अपलोड गर्न सकिने।

⇒ अनलाइन मुद्दा दर्ता प्रणाली मार्फत पेस भएका मुद्दाहरूको शीघ्र प्रक्रिया अगाडी बढाउन तथा अन्य सहजीकरण गर्न सर्वोच्च अदालतमा **अनलाइन मुद्दा दर्ता सहजीकरण कक्ष** सञ्चालनमा ल्याइएको।

## ख. पेसी सूची तथा मुद्दाको विस्तृत विवरण प्राप्त गर्ने सेवा

सम्बन्धित अदालतहरूको वेब साइटबाट मुद्दाको दैनिक पेसी सूची, साप्ताहिक पेसी सूची, स्थगित पेसी सूची तथा मुद्दाको विस्तृत विवरण देहाय बमोजिमको प्रक्रियाले हेर्न सकिने गरी व्यवस्था मिलाइएको छ।

### सर्वोच्च अदालतको विवरण हेर्न:

सर्वोच्च अदालतको वेब साइटको मुख्य पेजमा रहेको **दैनिक पेसी सूचीमा** क्लिक गरी आफूलाई आवश्यक पेसी मिति छनौट गरी **खोज्नेमा** क्लिक गरी सर्वोच्च अदालतको दैनिक पेसी सूची प्राप्त गर्न सकिन्छ। वेब साइटको मुख्य पृष्ठमा रहेको **"साप्ताहिक पेसी सूची"** मा क्लिक गरी पेसी रहेको बारको आधारमा हप्ता भरीको पेसी सूची प्राप्त गर्न सकिन्छ। त्यस्तै सर्वोच्च अदालतमा रहेका मुद्दाको विस्तृत विवरण प्राप्त गर्नका लागि सर्वोच्च अदालतको वेब साइटमा रहेका **मुद्दाको प्रक्रियागत विवरणमा** गई आवश्यक विवरण भरी खोजी गरी प्राप्त गर्न सकिनेछ।

### उच्च अदालतको विवरण हेर्न:

सर्वोच्च अदालतको वेब साइटको मुख्य पेजमा रहेको **"उच्च अदालतको पेसी सूची तथा मुद्दा प्रक्रियाहरू"** मा क्लिक गरी वा सर्वोच्च अदालतको वेब साइटको होम पेजको माथिल्लो भागमा रहेको **अदालत रोज्नुहोसमा** क्लिक गरी लिस्टबाट उच्च अदालतको नाम छनौट गरी **दैनिक पेसी सूची**, **साप्ताहिक पेसी सूची** एवं **मुद्दाको विस्तृत विवरण** प्राप्त गर्न सकिने छ।

### जिल्ला अदालतको विवरण हेर्न:

सर्वोच्च अदालतको वेब साइटको मुख्य पेजमा रहेको **"जिल्ला अदालतको पेसी सूची तथा मुद्दा प्रक्रियाहरू"** मा क्लिक गरी वा सर्वोच्च अदालतको वेब साइटको होम पेजको माथिल्लो भागमा रहेको **अदालत रोज्नुहोसमा** क्लिक गरी लिस्टबाट जिल्ला अदालतको नाम छनौट गरी **दैनिक पेसी सूची**, **साप्ताहिक पेसी सूची** एवं **मुद्दाको विस्तृत विवरण** प्राप्त गर्न सकिने छ।

साथै अन्य अदालत तथा न्यायिक निकायहरूको समेत यस्तै विधिबाट दैनिक पेसी सूची, साप्ताहिक पेसी सूची एवं मुद्दाको विस्तृत विवरण प्राप्त गर्न सकिनेछ।

### ग. फैसला तथा आदेशको पूर्ण पाठ प्राप्त गर्ने सेवाः

सर्वोच्च अदालतको वेब साइटको मुख्य पृष्टमा रहेको **"फैसला" (निर्णय /आदेशको पूर्ण पाठ)** मा क्लिक गरी **अदालतको तह एवं नाम** छनौट गरी **मुद्दा दर्ता नं वा मुद्दा दर्ता मिति वा फैसला मिति** मध्ये कुनै एक टाइप गरी खोजी गरी फैसला तथा आदेशको पूर्ण पाठ प्राप्त गर्न सकिनेछ। त्यस्तै उच्च तथा जिल्ला अदालतको वेब साइटमा सोझै गई सम्बन्धित अदालतको वेब साइटको मुख्य पृष्टमा रहेको **"फैसला निर्णय/आदेशको पूर्ण पाठ"** मा क्लिक गरेर समेत सम्वन्धित उच्च तथा जिल्ला अदालतको फैसला तथा आदेशको पूर्ण पाठ प्राप्त गर्न सकिने छ ।साथै सर्वोच्च अदालत तथा उच्च अदालतको वेब साइटको गृह पृष्ठमा रहेको **महत्त्वपूर्ण फैसला** ट्याबबाट अदालतले गरेका महत्त्वपूर्ण र दीर्घकालीन महत्वका फैसलाहरू समेत हेर्न सकिन्छ।

### घ. अनलाइन तारेख सेवाः

सर्वोच्च तथा उच्च अदालतमा चलिरहेका मुद्दाहरूको तारेख आफ्नो नजिकको जिल्ला तथा उच्च अदालतबाट लिन सकिने गरी प्रणालीमा व्यवस्था भएको छ। यसबाट मुद्दा प्रक्रियामा मुद्दाका पक्षहरूको समय र लागत न्यूनीकरण गर्न मद्दत पुगेको छ। अनलाइन तारेखको सुविधा लिन मुद्दाका पक्षले सम्बन्धित अदालत(सर्वोच्च तथा उच्च)मा अनलाइन तारेख सेवा सम्बन्धी फर्म भरेर पेस गर्नु पर्ने हुन्छ।

### ङ. स्वचालित पेसी तारेख प्रणाली

सर्वोच्च र मातहतका अदालतहरुमा विचाराधीन मुद्दाहरूको पेसी तारेख मानवीय रूपमा निर्धारण गरी पछि सो को विवरणलाई सफ्टवेयरमा प्रविष्टि गर्ने गरिएकोमा पेसी तारेख निर्धारणको उक्त कार्य स्वचालित रूपमा **स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली**बाट हुने गरी व्यवस्था गरिएको छ।

**स्वचालित पेसी तारेख व्यवस्थापन प्रणालीका विशेषताहरू**

- ⇒ प्रणालीले पहिला पेसी तारेख लिन आउनेलाई उपलब्ध भए सम्म स्वचालित रूपमा पहिलो मितिमा (First come first service) पेसी तारेख दिने।
- ⇒ सफ्टवेयरबाट पेसी तारेख निर्धारण गर्ने क्रममा कुनै पनि मानवीय हस्तक्षेप नहुने, प्रणालीले स्वचालित रूपमा पेसी तारेख निर्धारण गर्ने।
- ⇒ पेसी तारेख मितिको जानकारी पक्षहरूलाई स्वचालित रूपमा एस.एम.एस. द्वारा समेत दिइने।
- ⇒ पेसी तारेख रुजु भए पश्चात सम्वन्धित अदालतको वेब साइटमा स्वतः देखिने।
- ⇒ सामान्यतया प्रणालीले तय गरेको पेसी तारेख मिति परिवर्तन नहुने ।प्रणालीले निर्धारण गरेको पेसी मितिमा विशेष कारणले मुद्दाका पक्षहरू अदालतमा उपस्थित हुन नसक्ने अवस्थामा प्रमाण समेत साथमा राखी निवेदन दिएमा र कारण मनासिव देखिएमा पेसी तारेख रुजु हुनु पूर्व तारेख मितिलाई सो मिति भन्दा पछाडि प्रणालीले नै उपलब्ध गराएको मितिमा तारेख रहने गरी परिवर्तन गर्न सकिने।
- ⇒ पेसी तारेखमा एकरूपता, पारदर्शिता तथा बिश्वासनियता कायम गर्न सहयोग पुग्ने।
- ⇒ पेसी तारेख निर्धारणमा सबैलाई समान व्यवहार गर्न सकिने, भेदभावको अन्त्य हुने।
- ⇒ मानवीय रूपमा पेसी तारेख निर्धारण हुने क्रममा हुन सक्ने गल्ती कमजोरी तथा विकृतिहरूको अन्त्य हुने।

### च. फरक मुद्दा व्यवस्थापन प्रणाली (Differentiated Case Management System-DCM)

उच्च तथा जिल्ला अदालतमा दर्ता हुने मुद्दाहरूको अनुमानित फछ्यौंट समय निर्धारण गर्ने प्रणालीलाई फरक मुद्दा व्यवस्थापन प्रणाली भनिन्छ। यस प्रणालीले उच्च तथा जिल्ला अदालतमा दर्ता हुने मुद्दाहरूलाई सरल मार्ग समूह, सामान्य मार्ग समूह र विशेष मार्ग समूह भनी वर्गीकरण गरेको जसको फछ्यौंट समय

क्रमशः ६ महिना, १२ महिना र १८ महिना निर्धारण हुने गरेको छ। साथै मुद्दा दर्ता गर्दा नै यसको अनुमानित कार्य तालिका समेत निर्धारण हुने गरी प्रणालीमा व्यवस्था भएको छ।

**छ. मिसिलहरूको डिजिटाइजेसन गरी भण्डारण गर्ने प्रणाली**

सर्वोच्च, उच्च र जिल्ला अदालतमा रहेका अभिलेख मिसिलहरू स्क्यानिङ गरी डिजिटल रूपमा भण्डारण गर्न प्रणाली निर्माण भई प्रयोगमा रहेकोछ। उक्त प्रणालीको प्रयोग मार्फत अभिलेख मिसिलहरूको व्यवस्थापनलाई सरल, छरितो र व्यवस्थित बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ। साथै यसबाट मुद्दा दर्ता भएको भन्दा फरक अदालतबाट समेत मुद्दाका फैसला लगायतका कागजातको प्रतिलिपि लिन सहज हुने, माथिल्ला अदालतहरूमा पुनरावेदन परेको अवस्थामा सम्बन्धित अदालतबाट सक्कल मिसिल माग्न लाग्ने श्रोत, साधन र समय बचत भई शीघ्र न्याय सम्पादन गर्न समेत सहयोग पुग्ने देखिन्छ। यसबाट फैसलाको डाटाबेस तयार भई कृत्रिम बौद्धिकता (AI) लगायतका नवीन प्रविधिको प्रयोग समेत गर्न सकिने अवस्था सिर्जना हुनेछ। साथै अदालतहरूमा विचाराधीन रहेका चालु मुद्दाका मिसिलहरूको समेत स्क्यानिङ गरी डिजिटल स्वरूपमा भण्डारण गर्ने कार्य क्रमशः सुरु गरिँदैछ। यसबाट अदालतहरूलाई न्यून कागज प्रयोग हुने निकाय (Less Paper court)को रूपमा विकास गर्ने न्यायपालिकाको पाँचौं रणनीतिक पञ्चवर्षीय योजनाको लक्ष हाँसिल हुने अपेक्षा समेत गरिएकोछ।

**ज. पेसीको सूचना प्रणाली मार्फत पठाउने व्यवस्था**

सर्वोच्च अदालत तथा मातहत अदालतमा दर्ता भएका मुद्दाको सुनुवाइ प्रयोजनका लागि महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, सरकारी वकिलको कार्यालयहरू लगायतलाई दिइने पेसीको सूचना म्यानुअल विधिबाट पत्राचार मार्फत दिने गरिएकोमा उक्त विधिबाट सूचना दिंदा श्रम, श्रोत तथा साधन आदिको बढी खपत हुने तथा मुद्दाको सुनुवाइ प्रक्रिया समेत लामो हुने अवस्था सिर्जना भएकोले उक्त व्यवस्थामा सुधार गरी सर्वोच्च अदालतबाट महान्यायाधिवक्ता कार्यालय तथा मुख्य न्यायाधीवक्ताको कार्यलयहरुलाई दिइने पेसीको सूचना प्रणाली मार्फत दिने कार्यको सुरुवात गरिएको छ। उक्त सेवालाई सरकारी वकिलको कार्यालय तथा कारागार कार्यालयहरू लगायतमा बिस्तार गर्ने गरी तयारी भई रहेको छ। यसबाट मुद्दाको सुनुवाइ प्रक्रिया छिटो छरितो हुने तथा अदालतहरू न्यून कागजात प्रयोग हुने निकायको रूपमा विकाश हुने अपेक्षा गरिएको छ।

**झ. विशेष प्रकृतिका निवेदनहरूको व्यवस्थापन गर्ने अनलाइन प्रणाली**

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४६ बमोजिम जिल्ला अदालतहरूमा दर्ता हुने विशेष प्रकृतिका निवेदनहरू (अधिकृत वारेसनामा प्रमाणित गर्न दिइने निवेदन, दर्ताद्वारा विवाहको लागि दिइने निवेदन, संरक्षक नियुक्तिको लागि दिइने निवेदन, संरक्षक प्रमाणित गर्न दिइने निवेदन माथवर नियुक्ति वा प्रमाणित सम्बन्धी निवेदन, मृत्युको न्यायिक घोषणा सम्बन्धी निवेदन, मृत्युको न्यायिक घोषणा संशोधन/बदर सम्बन्धी निवेदन, धर्मपुत्र वा धर्मपुत्री राख्ने अनुमति सम्बन्धी निवेदन, गुठी सञ्चालक नियुक्तिको लागि दिइने निवेदन, प्राकृतिक व्यक्तिको दामासाही सम्बन्धी निवेदन) को दर्ता एवं सो को व्यवस्थापन अनलाइनमा गर्ने गरी प्रणाली तयार भई प्रयोगमा रहेको छ। यसबाट अदालतमा हुने सेवाग्राहीको चाप घटने, सेवाग्राहीलाई उक्त सेवा प्राप्त गर्न सहज हुने तथा उक्त सेवा पश्चात् अदालतहरूबाट जारी हुने प्रमाणपत्रहरूका आधिकारिकता सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायहरूबाट प्रणाली मार्फत नै जाँच गर्न सकिने गरी प्रणालीमा व्यबस्था गरिएको छ। व्यक्ति वा ल फर्महरूले प्रयोग गर्न सक्ने गरी विकास भएको छ। यसको सञ्चालन प्रक्रिया माथि खण्ड ३क मा उल्लेखित अनलाइनमा मुद्दा दर्ता गर्ने प्रणाली जस्तै रहेको छ।

## ४. अदालतबाट प्रवाह हुने अन्य सेवाहरुमा सूचना प्रविधिको प्रयोग

### क. निवेदन तथा फारमहरूको ढाँचा (Templates) प्राप्त गर्ने

सेवाग्राहीहरूले मुद्दाको कामकारबाहीको क्रममा अदालतहरूमा पेस गर्नुपर्ने विभिन्न प्रकारका निवेदन, फर्म लगायतको ढाँचा तयार गरी words तथा PDF स्वरुपमा वेब साइट मार्फत समेत उपलब्ध गराउने गरिएको छ। कुनै सेवाग्राहीले आफैले निवेदन तथा फारमहरू भर्न नसक्ने भएमा अदालतका सहयोग कक्षका कर्मचारीहरू वा वैतनिक वकिलले सहयोग गर्ने गरी व्यवस्था मिलाइएको छ। निवेदन तथा फारमहरू सम्बन्धित अदालतको वेब साइटको गृह पृष्ठको सबैभन्दा माथि देब्रे तिर रहेको **"फारामहरू"** भन्ने link मा क्लिक गरेर डाउनलोड गर्न सकिनेछ।

### ख. मुद्दाको सुनुवाइमा श्रव्यदृष्य संवाद (Video Conference) को प्रयोग

सर्वोच्च अदालत र मातहतका उच्च अदालत तथा इजलास तथा जिल्ला अदालतहरूमा बहस पैरवी, बयान, बकपत्र लगायतका कार्य श्रव्यदृष्य संवाद मार्फत गर्न सकिने गरी व्यवस्था भएको छ। हाल सर्वोच्च अदालत, उच्च अदालत विराटनगर इलाम इजलास, उच्च अदालत विराटनगर धनकुटा इजलास, उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गा, उच्च अदालत पाटन हेटौडा इजलास, उच्च अदालत पोखरा बागलुङ इजलास, उच्च अदालत तुलसीपुर, उच्च अदालत सुर्खेत, उच्च अदालत सुर्खेत जुम्ला इजलास, उच्च अदालत दिपायल, उच्च अदालत दिपायल महेन्द्रनगर इजलास, श्रम अदालत तथा काठमाण्डौं जिल्ला अदालतमा पूर्ण रूपमा र उच्च अदालत विराटनगर, उच्च अदालत पाटन, उच्च अदालत पोखरा, उच्च अदालत तुलसीपुर बुटवल इजलास लगायतका अदालतहरुमा आंशिक रूपमा श्रव्यदृष्य संवाद (Video Conference) को प्रयोग मार्फत बहस पैरवी, बयान, बकपत्र लगायतका कार्य गर्न सकिने गरि व्यवस्था भएको छ। श्रव्यदृष्य संवाद गर्न सकिने अदालतहरूको संख्या क्रमश थप गर्दै जाने लक्ष रहेको छ। श्रव्यदृष्य संवादको सन्चालनका लागि तयार गरिएको निर्देशिका तथा फारमहरु सर्वोच्च अदालतको वेब साइट www.supremecourt.gov.np बाट प्राप्त गर्न सकिने छ।

**श्रव्यदृष्य संवाद मार्फत बहस पैरवी गर्न पुरा गर्नु पर्ने प्रक्रिया**

⇒ कानून व्यवसायीले अदालतबाट तोकेको ढाँचामा फारम भरी सम्बन्धित अदालतको मुद्दा फाँटमा बुझाउनु वा सम्बन्धित फाँटको ईमेलमा पठाउने पर्ने।

⇒ फारम प्राप्त भए पश्चात सम्बन्धित अदालतले Meeting create गरी फारममा उल्लेख गरेको इमेलमा Video Conference को लिङ्क एवं Meeting ID र Passcode पठाउनेछ।

⇒ पेसीको दिनमा अदालतको कर्मचारीले सम्बन्धित कानून व्यवसायीसँग समन्वयन गरी मुद्दाको पालोमा भिडियो कन्फरेन्स मार्फत बहस गर्न व्यवस्था मिलाउने।

**श्रव्यदृष्य संवाद मार्फत बहस पैरवी गर्न आवश्यक पूर्वाधारहरु**

⇒ अडियो र भिडियो सुविधि सहितको डेस्कटप वा ल्यापटप कम्प्युटर (मोबाइल वा ट्याबबाट समेत उक्त कार्य गर्न सकिने)

⇒ इन्टरनेट सुविधा (गुणस्तरिय मोबाइल इन्टरनेटबाट समेत सेवा लिन सकिने)

### ग. एस.एम.एस सेवा (SMS Service)

अदालतमा भएको मुद्दा सम्बन्धी काम कारबाईको सूचना मुद्दाका पक्षहरूलाई उपलब्ध गराउन एस. एम. एस. सेवा सम्बन्धी प्रणाली समेत प्रयोगमा रहेकोछ। जसको सञ्चालन निम्न बमोजिम हुनेछ।

**स्वचालित रूपमा एस.एम.एस. पठाउने प्रणाली (Push SMS System)**

मुद्दा व्यवस्थापन प्रणालीमा मोबाइल नम्बर प्रविष्ट भएको अवस्थामा सम्बन्धित मुद्दामा भएको काम कारबाहीहरू जस्तै साधारण तारिखको मिति, पेसी तारिखको मिति तथा इजलासबाट भएका काम कारबाही

लगायतका जानकारी प्रणालीमा प्रविष्ट हुने बित्तिकै स्वचालित रूपमा पक्षको मोबाइलमा प्रणाली मार्फत नै एस.एम.एस. प्रवाह हुने गरी व्यवस्था गरिएको छ।यसबाट मुद्दाका काम कारबाहीहरू पारदर्शी हुने, पक्षहरूलाई समयमै सूचना भई मुद्दा व्यवस्थापन प्रभावकारी हुने अपेक्षा गरिएको छ।

**सूचना तान्ने एस.एम.एस. प्रणाली (Pull SMS System)**

यस प्रणाली मार्फत सबै अदालतका मुद्दा व्यवस्थापन प्रक्रियाका प्रमुख काम कारबाहीहरुको जानकारी आफ्नो मोबाइल एस.एम.एस. सेवाको प्रयोग मार्फत अदालतको कोड नं.३०३०३ मार्फत तानेर जानकारी लिन सकिने गरी समेत व्यवस्था मिलाइएको छ। यसको प्रक्रिया निम्न बमोजिम हुनेछ।

**मुद्दा दर्ता बारे जानकारी प्राप्त गर्न**

Type RG (Space) मुद्दा नं.टाइप गरी ३०३०३ मा पठाउने। (जस्तैः RG 071-WO-0002)

**मुद्दाको अवस्थाबारे जानकारी प्राप्त गर्न**

Type ST (Space) मुद्दा नं.टाईप गरी ३०३०३ मा पठाउने। (जस्तैः ST 071-WO-0002)

**मुद्दाको पेसी बारे जानकारी प्राप्त गर्न**

Type HD (Space) मुद्दा नं.टाईप गरी ३०३०३ मा पठाउने। (जस्तैः HD 071-WO-0002)

**घ. सर्वोच्च अदालतका नजिरहरू प्राप्त गर्ने सेवा।**

सर्वोच्च अदालतको वेब साइटबाट बि.सं २०१५ भन्दा पछाडिका सर्वोच्च अदालतका नजिरहरू निःशुल्क प्राप्त गर्न सकिन्छ। जसका लागी सर्वोच्च अदालतको वेब साइटको गृह पृष्ठको **"नेपाल कानुन पत्रिका"** मा क्लिक गरी **"नेकाप प्रत्येक वर्ष"** हेर्न सकिनेछ।

**ङ. प्रधान न्यायालय सम्बन्धी जानकारी तथा सो का फैसलाहरू प्राप्त गर्ने**

तत्कालीन प्रधान न्यायालय सम्बन्धी जानकारी उपलब्ध गराउने तथा उक्त न्यायालयका फैसलाहरूको संरक्षण गर्ने, तिनीहरूलाई सहज रूपमा अध्ययन गर्न सकिने बनाउने एवं अध्ययनकर्ताको फैसलाहरूमा पहुँच बढाउने उद्देश्यले उक्त फैसलाहरूलाई बोधगम्य भाषामा उतार गरी सर्वोच्च अदालतको वेबसाइटको **प्रधान न्यायालय** ट्याव भित्र अपलोड गरिएको छ। प्रधान न्यायालय सम्बन्धी जानकारी एवं फैसलाहरू वेबसाइटबाट निःशुल्क रूपमा प्राप्त गर्न सकिन्छ।

**च. नेपाल कानुन पत्रिकाको नजिर खोज प्रणाली, खोजयन्त्र**

सर्वोच्च अदालतको वेब साईटमा ए आई (Artificial Intelligence) मा आधारित नजिर खोज प्रणाली, खोजयन्त्र प्रयोग गरी नेपाल कानुन पत्रिकाको खोज्न सकिनेछ।

****धन्यवाद****